# विकास समिति ऐन, २०१३

| | | लालमोहर सदर मिति | प्रकाशित मिति |
|---|---|---|---|
| | | २०१३/४/४ | २०१३/४/८ |
| | संशोधन गर्ने ऐन | | |
| १. | विकास समिति (पहिलो संशोधन) ऐन, २०१३ | २०१३/९/५ | २०१३/९/१७ |
| २. | विकास समिति (दोश्रो संशोधन) ऐन, २०१४ | २०१४/११/२ | २०१४/११/९ |
| | | | लालमोहर प्रकाशन मिति |
| ३. | विकास समिति (तेश्रो संशोधन) ऐन, २०१८ | | २०१८/४/५ |
| ४. | केही नेपाल कानून (संशोधन र पुनः व्यवस्थापन) ऐन, २०२० | | २०२०/११/१६ |
| ५. | न्याय प्रशासन सुधार ऐन, २०३१ | | २०३१/४/१८/१ |
| ६. | न्याय प्रशासन ऐन, २०४८ | | २०४८/२/१६ |
| ७. | गणतन्त्र सुदृढिकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३• | | २०६६।१०।७ |

२०१३ सालको ऐन न.३

©

..............................................

विकास योजान र विकास कार्यहरुलाई शीघ्र र सुचाररुपले कार्यान्वित गर्न उचित व्यवस्था गर्नु पर्ने आवश्यक देखिएको श्री ५ को महाराजधिराजबाट मन्त्रिमण्डलको सल्लाह अनुसार यो ऐन बनाई जारी गरिबक्सेकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "विकास समिति ऐन, २०१३" रहेको छ ।

(२) यो ऐन नेपाल राज्यभर तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्कै अर्थ नलागेमा यस ऐनमा,-

(क) "समिति" भन्नाले दफा ३ अन्तर्गत गठन गरिएको समिति सम्झनु पर्छ ।

(ख) "बिदेशी एजेन्सी" भन्नाले कुनै बिदेशी राष्ट्र, अन्तर्राष्ट्रिय वा बिदेशी संस्था समेत लिईनेछ ।

(ग) "सूचित आदेश" भन्नाले नेपाल राजपत्रमा प्रकाशित आदेश सम्झनु पर्छ ।

३. **समिति गठन गर्ने नेपाल सरकारको अधिकार** : (१) नेपाल सरकारले उचित वा आबश्यक ठहराएमा सूचित आदेशद्वारा सोही आदेशमा तोकिए बमोजिमको कुनै विकास योजना वा विकास कार्यलाई कार्यान्वित गर्न समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) अन्तर्गतको प्रत्येक सूचित आदेशद्वारा समितिका काम कर्तव्यहरु तेकिनेछन् र तत्सम्बन्धी अरु विषयहरुको पनि ब्यबस्था हुन सक्दछ ।

(३) समितिमा नेपाल सरकारले नियुक्त गरे बमोजिमको व्यक्तिहरु रहनेछन् ®र सो समिति गठन गर्दा आदेशमा तोके बमोजिमको नामले प्रचलित हुनेछ ।

४. **समितिहरुलाई संस्था मान्ने** : दफा (३) अन्तर्गत गठन भएको प्रत्येक समिति अविछिन्न उत्तराधिकारवाला संस्था (कर्पोरेट बडी) हुनेछ र त्यस समिति जिम्माको सबै कामका निमित्त

---

• यो ऐन २०६५ साल जेठ १५ देखि लागु भएको ।

© गणतन्त्र सुदृढिकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३

® पहिलो संशोधनद्वारा थप ।

एउटै छाप हुनेछ र व्यक्ति सरह चल अचल सम्पत्ति लेनदेन गर्ने तथा राख्ने त्यस समितिलाई अधिकार हुनेछ । सो समितिले ब्यक्ति सरह नालेस गर्न र निज उपर पनि व्यक्ति सरह नालेस उजूर लाग्न सक्तछ ।

५. **समितिको कोष** : (१) दफा (३) अन्तर्गत गठन गरिएको समितिको कोषमा देहायका कुरा सम्मिलित हुनेछ :-

(क) नेपाल सरकार वा अरु कुनै गर सरकारी व्यक्तिले प्रदान गरेको रुपैयाँ, र

(ख) कुनै विदेशी एजेन्सीले नेपाल सरकारद्वारा दिएको कोष ।

(२) समिति गठन गर्नको निमित्त निकालिएको आदेशमा तोकिएका काममा कार्यक्रमहरु कार्यान्वित गर्नको निमित्त समितिको रुपैयाँ र कोष उपयोग गरिनेछ ।

∇(३) समितिले आफूले बनाएको नियममा तोकिएको कार्यक्रम र कार्यप्रणाली बमोजिम काम गर्नेछ र सोही बमोजिम हिसाव किताब पनि राख्नेछ ।

तर दफा ३ अन्तर्गत समिति गठन गर्नको निमित्त निकास लिएको आदेशमा लेखिएमा समितिले बनाएका ती नियममा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) ℘ ......................

६. **समितिका कर्मचारीहरु** :(१) समितिको कामहरु सुचारुरुपले चलाउनको निमित्त आबश्यकतानुसार समितिले कर्मचारीहरु नियुक्त गर्न सक्नेछ ।

तर ✄लोक सेवा आयोगबाट स्वीकृत भएका सिद्धान्तहरु र तरिका अनुसार बाहेक अरु कुनै तरिकावाट कुनै व्यक्तिलाई नियुक्त गर्नु हुदैन ।

(२) नेपाल सरकार वा अरु कुनै विदेशी एजेन्सीका स्थायी अधिकृतहरुको सेवा केही समयको लागि स्वीकार गर्नु समितिको निमित्त कानूनी हुनेछ र समितिको काम काज गर्दा त्यस्ता अधिकृतहरु समितिको प्रशासकीय नियन्त्रणमा रहनेछन् ।

तर त्यसरी खटिएका कारणबाट तिनको साबिकको नोकरीको शर्तहरुमा कुनै असर पर्ने छैन ।

७. **आदेश नियम जारी गर्ने नेपाल सरकारको अधिकार** : समितिको काम कारवाईको विषयमा सरकारले समय समयमा नियम वा आदेश जारी गर्न सक्नेछ र त्यस्ता नियम वा आदेशहरु पालन गर्नु त्यस समितिको कर्तव्य हुनेछ ।

८. **समितिको बिघटन** : (१) समितिले कार्यान्वित गर्न लागेको कुनै बिकास योजना वा बिकास कार्य नेपाल सरकारले नै वढि मात्रामा सुचारुरुपले कार्यान्वित गर्न सक्तछ भन्ने वा त्यसको काम पूरा भैसकेको छ भन्ने नेपाल सरकारलाई लागेमा नेपाल सरकारले सूचित आदेशद्वारा समितिलाई बिघटन गर्न सक्नेछ ।

(२) समिति बिघटन भएको खण्डमा :–

(क) समितिको सबै हक जायजात र ऋण नेपाल सरकारको हुनेछ ।

(ख) समितिसँग लिएका सबै ठेक्काहरु नेपाल सरकारसँग लिईएका मानिनेछन् ।

(ग) ◊.....

∇९. **मध्यस्थताद्वारा झगडाको निर्णय हुने** : (१) समितिसंग भएको कुनै सम्झौता र त्यसलाई कार्यान्वित गर्ने कुराका सम्बन्धमा उठ्ने झगडालाई निर्णयको लागि मध्यस्थ छेउ पठाउनु

---

∇ दोश्रो संशोधनद्वारा संशोधित ।

℘ केही नेपाल कानून (सशोधन र पुनः व्यवस्थापन) ऐन, २०२० द्वारा खारेज ।

✄ केही नेपाल कानून (सशोधन र पुनः व्यवस्थापन) ऐन, २०२० द्वारा संशोधित ।

◊ तेश्रो संशोधनद्वारा खारेज ।

∇ दोश्रो संशोधनद्वारा दफा ९ थप भएको र साविकको दफा ९ लाई दफा १० गरिएको ।

पर्ने गरी सो सम्झौतामा व्यबस्था भएकोमा सोही सम्झौता अनुसार नियुक्त भएको मध्यस्थले त्यस्तो झगडालाई हेर्ने र छिन्ने अधिकार कुनै अदालतलाई हुने छैन ।

(२) निर्णयको लागि उपदफा (१) अन्तर्गत मध्यस्थ छेउ पठाईएको झगडाको सम्बन्धमा साक्षी, प्रमाण बुझ्ने, साक्षीहरुलाई उपस्थिति गराउने र लिखतहरु पेश गराउने अधिकार निजलाई हुनेछ ।

(३) मध्यस्थको निर्णय अन्तिम हुनेछ र दुबै पक्षहरु उपर मान्य हुनेछ ।

तर मर्का पर्ने पक्षको निबेदन परेमा □पुनरावेदन अदालतले देहायका अबस्थामा सो निर्णयलाई रद्द गर्न सक्नेछ :-

(क) मध्यस्थले निर्णय गर्दा अनुचित आचरण देखाएको वा खास बदनियत देखिने गरी बेठिक निर्णय गरेको वा मनमानी गरेको भन्ने स्पष्ट देखिन आएमा वा,

(ख) मध्यस्थतको निर्णय सरासर कानून विरुद्द भएमा ।

(४) त्यस्ता निर्णयलाई □पुनरावेदन अदालतबाट रद्द गरिएको खण्डमा झगडालाई निर्णयका निमित्त ∅सो अदालतका मूख्य न्यायाधिशवाट नियुक्त अर्को मध्यस्थ छेउ पठाईनेछ ।

(५) मध्यस्थद्वारा भएको निर्णयलाई नेपाल सरकारवाट तोकिएको तहसिल वा तहसिलको काम गर्ने अड्डाले तोकिए बमोजिम कार्यान्वित गर्नेछ ।

(६) यस दफाको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियम बनाउन सक्नेछ ।

®१०. **लागू नहुने कानूनहरु** : (१) शंका निवारणको लागि स्पष्ट गरिन्छ कि मुलुकी सवाल वा मुलुकी ऐनको रकम बन्दोबस्त वा कागज जांचको वा बही बुझ्नेको महलहरु समितिको काम काजमा लागू हुने छैन ।

---

□ न्याय प्रशासन ऐन, २०४८ द्वारा संशोधित ।

∅ न्याय प्रशासन सुधार ऐन, २०३१ द्वारा संशोधित ।

® दोश्रो संशोधनद्वारा साविकको दफा ९ लाई दफा १० गरिएको ।

द्रष्टव्य : केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तरण भएको शब्दहरु :
"नेपाल सरकार" वा "सरकार" को सट्टा "श्री ५ को सरकार" ।